आज मिति २०७६ साल चैत्र ६ गते बिहिबारका दिन दिनको ठिक २:०० बजे यस नगरपालिकाको ४६ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा मिति २०७६/१२/०५ मा पेश भई छलफलमा बाँकी एजेण्डाहरुमा छलफलका लागि बैठक प्रारम्भ गरियो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री दामोदर चापागाई | |
| आमन्त्रित : | | | |
| | लेखा अधिकृत | श्री शेखर ढकाल | |
| | अधिकृत स्तर छैठौं | श्री लक्ष्मि पोखरेल | |

| | | | |
|---|---|---|---|
| | ईन्जिनियर | श्री राकेश रोशन | |
| | नायब सुब्बा | श्री रोहित निरौला | |
| | लेखापाल | श्री शालिग्राम दाहाल | |
| | लेखापाल | श्री पुण्यप्रसाद ढकाल | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| | कार्यालय सहयोगी | श्री उमा कटुवाल | |
| | कार्यालय सहयोगी | श्री दिवस कार्की | |
| | नगरप्रमुखको अंगरक्षक | श्री फुर्वा शेर्पा | |
| | | श्री समुन्द्र वि.क. | |
| | | | |
| | | | |

४६ औं कार्यपालिका बैठकको निर्णयहरु (२०७६/१२/०६ गते दिनको २ बजे)

**प्रस्ताव नं. ११ : कोभिड-१९ (कोरोना) भाइरस सम्वन्धि जनचेतना सम्वन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा विश्वकै साझा समस्याको रुपमा रहेको कोभिड-१९ (कोरोना) भाईरसको संक्रमणबाट बच्न तथा सम्पूर्ण नगरबासीहरुलाई सचेत रहनका लागि जानकारीमूलक प्रचार प्रसार गर्ने निर्णय गरियो । साथै नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा आउने सेवाग्राहीहरुलाई कोरोना भाइरसबाट बच्नका लागि सेनिटराईजर तथा सरसफाई सामाग्री प्रयोग गर्ने तरिका सिकाउँदै प्रतेक वडा कार्यालयहरुलाई सेनिटराईजर सहितको ५०/५० सेट सरसफाई सामाग्री तथा नगरक्षेत्र भित्र रहेका सबै स्वास्थ्य संस्थाहरुमा सेनिटराईजर र तापक्रम मापन गर्ने राइर गन थान-१ उपलब्ध गराउने तथा नगरकार्यपालिकाको कार्यालयको प्रवेशद्धारमा स्वास्थ्यकर्मीहरुको टोली सहित तापक्रम मापन गर्ने मेसिन, सेनिटराईज सहितको सरसफाई सामाग्री तथा जानकारीमूलक प्रचार प्रसार सामाग्रीहरु प्रयोग गर्ने साथै पूर्वाञ्चल विश्वविद्यालयसँग आवश्यक समन्वय गरि क्वारेन्टाइन र आइसूलेसन वार्डको आवश्यक व्यवस्था मिलाउन आवश्यक सहयोग सहित सम्पूर्ण व्यवस्था मिलाई निर्णय गर्दै कार्यपालिकाको कार्यालयले समन्वय गर्ने निर्णय समेत गरियो ।

**प्रस्ताव नं. १२ : हाटवजार भिडभाड नियन्त्रण सम्वन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा सुन्दरहरैंचामा साप्ताहिक रुपमा लाग्ने हाटबजारहरुमा तरकारी लगायत दैनिक उपभोग्य अत्यावश्यकीय खाद्य सामाग्री बाहेकका अन्य कुनै पनि वस्तुहरु बेचविखन नगर्नु/नगराउनु हुन सबै आम उपभोक्ता, व्यापारी लगायत आम नगरवासीहरुमा अनुरोध गर्ने निर्णय गरियो । यसका लागि स्थानीय प्रहरी/प्रशासनलाई अनुगमन र आवश्यक कारवाहीकाका लागि लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : आर्थिक सहयोग सम्वन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा ४५ औं कार्यपालिकाको बैठकले कृष्ण प्रणामी मन्दिर, सलकपुरबाट कृष्ण जन्माष्टमीको उपलक्ष्यमा निकालिएको रथयात्रामा घाईते भएकी श्री लक्ष्मी प्रसाईलाई रु ५१०००।- उपचार खर्च बापत उपलब्ध गराएकोमा उक्त उपचार खर्च न्यून भएको भनि कार्यपालिकापालिकाले महसूस गरेको हुदाँ उपचार खर्च बापत थप रु १००,०००।- (अक्षरुपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो । साथै वडा नं. ९ बस्ने राम दुलारी देवी मण्डलको घरमा मिति २०७६/०९/१० गते घरमा आगो बाल्ने क्रममा आर्फेले लगाएको लुगाबाट आगो सल्की कम्मरदेखी मुनि सक्त घाइते भई उपचारको क्रममा रहेको हुदाँ निजलाई उपचार खर्च बापत रु २५,०००।- दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ खोला ठेक्कावाट संकलन भएको राजश्व रकम विनियोजन सम्वन्धमाः**

प्रस्ताव नम्वर १४ माथि छलफल गर्दा खोला ठेक्काको नगरलाई प्राप्त हुने रकमबाट प्रति वडा २५ लाखका दरले कालोपत्रे गर्ने कार्यक्रम लागि जम्मा रकम रु ३ करोड वीनियोजन गर्ने साथै खोला प्रभावित क्षेत्रका वडाहरुमा आपसि सहमतिमा बढीमा २ वटा आयोजना खोला प्रभावित क्षेत्रमा नै खर्च गर्ने गरी वडा नम्बर ३, ४, ५, ६ र ७ वडामा रकम रु १ करोड २० लाख गरी जम्मा रु ४ करोड २० लाख रकम वीनियोजन गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं. १५ फाल्गुन मसान्त सम्मको आम्दानी र खर्च अनुमोदन गर्ने सम्वन्धमा ।**

प्रस्ताव नम्वर १५ माथि छलफल गर्दा नगरकार्यपालिकाको आर्थिक प्रशासन शाखा र राजश्व उपशाखा बाट प्रस्तुत भएको फाल्गुन मसान्त सम्मको खर्च र आन्तरीक आयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं. १६ घरनक्सा पास/अभिलेखीकरण सम्बन्धमा ।**

प्रस्ताव नम्बर १६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा निर्माण भएका/हुने घर तथा भवन निर्माण हुने क्रममा घरनक्सा पास/अभिलेखीकरण गर्ने क्रममा सिर्जना भएका समस्याहरुलाई तपसिल बमोजिम हुने गरी निर्णय गरीयो ।

१. स्वीकृति प्रदान गरीएको अवधि भित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा भवनको जति तल्लाको निर्माण कार्य सम्पन्न भएकोछ, सोको आंशिक निर्माण सम्पन्न प्रमाणपत्र दिने यसरी आंशिक निर्माण सम्पन्न प्रमाणपत्र लिई सकेका भवनहरुले थप निर्माण कार्य गर्ने पून अनुमति लिनु पर्नेछ ।

२. वार्ड नक्सा, फिल्ड नक्सामा पैनी रहेको तर फिल्डमा पैनी नरहेको खण्डमा नक्सा अनुसार पैनिको किनारबाट सामान्यतया ५ फिट सेट ब्याक छोड्नु पर्ने छ भने फिल्डमा समेत पैनी देखीको खण्डमा नक्सानुसार पैनीको किनाराबाट सामान्यतया १० फिट सेट ब्याक छोड्ने पर्नेछ ।

३. वस्ति विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ लागू हुनु पूर्व निर्माण भएका घरहरुको हकमा भूई तल्ला सम्मको निर्माण सम्पन्न लिएका घरधनीहरुको हकमा १ तल्ला सम्मको तल्ला थप गर्न दिईनेछ भने पहिलो तथा सो भन्दा बढी तल्ला सम्मको निर्माण सम्पन्नको प्रमाणपत्र लिएका घरधनीहरुको हकमा तल्ला थपको अनुमति प्रदान नगर्ने निर्णय गरीयो ।

४. जग्गाको कित्ता जोडिएका जग्गाहरुमा घर तथा भवन निर्माण गर्न माग भई आएको खण्डमा जग्गाधनीहरुको संयुक्त मन्जुरीनामा लिई घर तथा भवन निर्माण गर्न अनुमति दिने र उल्लेखित घर संयुक्त जग्गाधनीहरुको नाममा निर्माण सम्पन्न दिने निर्णय गरीयो ।